हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : ४ मितिः २०७८/०९/१८


**भाग-१**

**हरिनगर गाउँपालिका**

# हरिनगर गाउँपालिकाको कर्मचारीको तहवृद्धि सम्बन्धि ऐन, २०७८

**प्रस्तावनाः**

नेपालको संविधान (२०७२) र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्थालाई समेत मध्यनजर गरी साविक स्थानीय निकाय (गा.वि.स., न.पा. र जि.वि.स.) मा स्थायी रुपमा कार्यरत रही हरिनगर गाउँपालिकामा समायोजित कर्मचारीको तहवृद्धि सम्बन्धमा आवश्यक कानूनी व्यवस्थागर्न वाञ्छनीय भएकोले हरिनगर गाउँपालिकाको नवौं गाउँसभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "हरिनगर गाउँपालिकाको कर्मचारीको तहवृद्धि सम्बन्धि ऐन, २०७८" रहेको छ ।

(२) यो ऐनको प्रारम्भ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) **"गाउँपालिका"** भन्नाले हरिनगर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले हरिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ । सो शब्दले वडा कार्यालय समेतलाई जनाउँदछ ।

(ग) **"अध्यक्ष"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) **"स्थायीपद"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँसभाबाट स्वीकृत दरबन्दीका पद लाई सम्झनु

पर्दछ ।

(छ) **"कार्यपालिका"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) **"गाउँ सभा"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

(झ) **"कर्मचारी"** भन्नाले साविक स्थानीय निकाय (गा.वि.स., न.पा. र जि.वि.स.) मा स्थायी नियुक्तिपाई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएको कर्मचारी सम्झनु पर्दछ ।

(ञ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम बनाएको नियमावली, कार्यविधि, निर्देशिका एव्म समय समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ट) **"तहवृद्धि"** भन्नाले साविक स्थानीय निकाय (गा.वि.स., न.पा. र जि.वि.स.) मा स्थायी नियुक्तिपाई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको तहवृद्धि सम्झनु पर्दछ ।

## परिच्छेद-२
## तहवृद्धि सम्बन्धमा

**३. तहवृद्धि सम्बन्धी विशेष व्यवस्थाः-**(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तहवृद्धि नपाएका साविक स्थानीय निकाय (गा.वि.स., न.पा. र जि.वि.स.) मा स्थायी नियुक्तिपाई स्थायी कर्मचारीको रुपमा हरिनगर गाउँपालिकामा कार्यरत सहायकस्तर कर्मचारीहरुको हकमा पाँच वर्ष सेवा अवधि पुरा गरेका, बिभागीय कारवाहीमा नपरेका र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तीमा ८०% अंक प्राप्त गरेका स्थायी कर्मचारीहरुलाई ऐन जारी भए पछि एक पटकको लागि मात्र तहवृद्धि सम्बन्धि बिशेष व्यवस्था गरी एक तह माथिको पदमा तहवृद्धि गरिनेछ ।

(२) तहवृद्धिको प्रक्रिया दफा ४ बमोजिमको समितिले तत्काल अघि बढाउने छ ।

(३) तहवृद्धिको लागि सेवा अवधि गणना गर्दा सो को लागि दरखास्त दिने अन्तिम दिन सम्मको अवधिलाई गणना गरिनेछ ।

(४) यस ऐन बमोजिम हुने तहवृद्धिको लागि आवेदन फाराम भरी दर्ता गराउनका लागि ७ सात दिनको म्याद दिई गाउँकार्यपालिकाको कार्यालयमा सूचना प्रकाशन गरिनेछ ।

(५) उपदफा ४ बमोजिम प्राप्त हुन आएका आवेदकहरुको दरखास्तहरु मध्ये बाट मूल्याङ्कन गरी ३ तीन दिनभित्र दफा ४ बमोजिमको समितिले तहवृद्धिका लागि सिफारिस गर्नु पर्नेछ ।

(६) उपदफा ५ बमोजिम सिफारिस प्राप्त भएको ३ तीन दिन भित्र सम्बन्धित कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धिको पत्र दिनु पर्नेछ ।

## परिच्छेद-३
## तहवृद्धि सम्बन्धि व्यवस्था

**४. तहवृद्धिका लागि समिति गठन सम्बन्धि व्यवस्थाः-** (१) यस ऐन बमोजिम कर्मचारीको तहवृद्धि गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. अध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना - सदस्य

ग. प्रशासन शाखा/इकाईको प्रमुख - सदस्य सचिव

**५. ज्येष्ठता निर्धारणको आधारः-** तहवृद्धि भएको कर्मचारीहरुको ज्येष्ठता निर्धारण गर्दा तहवृद्धि भएको

तहभन्दा अघिल्लो तहमा नियुक्ति वा बढुवा पाउँदा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिनेछ ।

**६. पदस्थापन सम्बन्धि व्यवस्थाः-** यस ऐन बमोजिम तहवृद्धि भएका कर्मचारीहरुको मिल्दो सेवा समुहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गर्नु पर्नेछ ।

**७. खारेजी र बचाउः-** यस भन्दा अगावै कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका अन्य सेवाका कर्मचारीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
नाम : सुजन ढुङ्गेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत